गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय**
बागलुङ

# संक्षिप्त मासिक बुलेटिन

**वर्षः १** | **अंकः १** | **महिनाः १** | **माघ २०७९**



## स्वागत तथा फेरी भेटौला कार्यक्रम

स्वास्थ्य कार्यालय बागलुङले एक कार्यक्रमका विच निवर्तमान कार्यालय प्रमुख श्री सुरज गुरौ को विदाई तथा नया आउनुभएका कार्यालय प्रमुख श्री प्रविण शर्मालाई स्वागत गरेको छ ।जिल्लाको अन्तरिक पर्यटन प्रवर्धन गर्ने उदेश्यले आयोजना गरिएको पिकनिक कार्यक्रमको अवसर पारेर विदाई तथा स्वागत कार्यक्रम तय गरिएको थियो।




## कार्यालय परिसर सरसफाई तथा फूलबारी गोडमेल अभियान

स्वास्थ्य कार्यालय बागलुङले हरेक महिनाको अन्तिम शुक्रबार सबै कर्मचारी मिलेर कार्यालय परिसर सरसफाई तथा फूलबारी गोडमेल गर्ने अभियान शुरु गरेको छ। साथै सबै कार्यालयमा यस्तो कार्यको निम्ति पनि स्वास्थ्य कार्यालयले अनुरोध गरेको छ।

## स्वास्थ्यकर्मीहरुका लागि क्षयरोग सम्बन्धी आधारभूत तालिम

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा क्षयरोगको दर पत्ता लगाई उपचार तथा रोकथाममा थप सहयोग पुगोस भन्ने उद्देश्यले स्वास्थ्यकर्मीहरुका लागि क्षयरोग सम्बन्धी तिन दिने तालिमको पहिलो ब्याच संचालन भएको छ। तालिममा जिल्लाका दश वटै स्थानिय तहमा कार्यरत २२ जना स्वास्थ्यकर्मीको सहभागिता रहेका थियो।



## नाक,कान,घाँटी र मुख स्वास्थ्य सम्बन्धी अभिमुखकरण

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा जिल्लाका दशवटै स्थानीय तहका २५ जना स्वास्थ्यकर्मीहरुको सहभागीतामा नाक,कान,घाँटी र मुख स्वास्थ्य सम्बन्धी अभिमुखकरण कार्यक्रमको पहिलो ब्याच सम्पन्न भएको छ ।कार्यक्रमलाई धौलागिरी अस्पतालका चिकित्सक तथा स्वास्थ्य कार्यालयका फोकल पर्शनले सहजीकरण गर्नुभएको थियो।



## पूर्ण खोप कार्यक्रमको समिक्षा तथा अभिमुखिकरण

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा, जिल्ला समनव्य समिति तथा सम्पूर्ण स्थानीय तहको समनव्यमा जिल्लाका १० स्थानीय तहका नवनिर्वाचित स्थानिय तह प्रमुख/उप प्रमुख, प्रमुख प्रसाशकिय अधिकृत, वडा तहका जनप्रतिनिधि र स्वास्थ्यकर्मीहरुको जिल्ला तथा पालिका स्तरमा पूर्ण खोप कार्यक्रमको समिक्षा तथा पूर्ण खोप दिगोपना र सरसफाई प्रवर्धन सम्वन्धि १ दिने अभिमुखिकरण एवं दिगोपनाको लागि योजना तयारी गोष्ठी जिल्ला स्तरमा तथा केहि स्थानीय तहमा सम्पन्न भएको छ भने केहि पालिकामा संचालनको क्रममा रहेको छ।




## एम्बुलेन्सको भाडा निर्धारण सम्बन्धमा बैठक

स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा, जिल्लाको सदरमुकामबाट जिल्ला भित्र तथा जिल्ला बाहिर विभिन्न स्थान सम्म विरामी लिएर गुड्ने एम्बुलेन्सको भाडा दरमा एकरुपता ल्याउनको निम्ति जिल्ला प्रशासन कार्यालय, यातायात कार्यालय, रेडक्रस तथा ट्राफिक प्रहरी कार्यालयको उपस्थितिमा छलफल सम्पन्न भएको छ। छलफल पश्चात समिति गठन भएको र विभिन्न सरोकारवालाहरुसंग थप छलफल पछि सो समितिको निर्णय बमोजिम भाडा निर्धारण हुनेछ।







## हात्तीपाइले रोग निवारण सम्बन्धि योजना तर्जुमा गोष्ठी

फाल्गुन ११ बाट सुरु हुने हात्तीपाइले रोग निवारण अभियान सफल पार्नको निम्ति स्वास्थ्य कार्यालय बागलुङको आयोजनामा, जिल्ला समनव्य समिति तथा सम्पूर्ण स्थानीय तहको समनव्यमा जिल्लाका १० स्थानीय तहका नवनिर्वाचित प्रमुख/उप प्रमुख, प्रमुख प्रसाशकिय अधिकृत, वडा तहका जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा संचारकर्मीहरुको लागी हात्तीपाइले रोग निवारण सम्वन्धि जिल्ला तथा पालिका स्तरिय योजना तर्जुमा गोष्ठी संचालन भइरहेका छन्। यसका साथै अभियानलाई सफल बनाउन जिल्ला स्तरको समन्वय समितिको बैठक समेत सम्पन्न भएको छ र सहभागी सबै बाट सक्रिय सहभागिता रहने प्रतिवद्दता व्यक्त गरिनुका साथै प्रचारप्रसारका काम समेत सुरु भैसकेका छन्।




## विद्यालय नर्स छनौट तथा सिफारिस

बागलुङ जिल्लाका २ स्थानीय तहका विभिन्न विद्यालयमा विद्यालय नर्स सिफारिस भएका छन्। सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको विज्ञापन प्रक्रिया अनुसार छनौट भएका विद्यालय नर्स निता पुन र जिवना शर्मा क्रमश जनजागृति मा.वि. गल्कोट-८ र नेपाल मा.वि. ताराखोला-४ को लागि सिफारिस भई काम सुरु गर्नु भएको छ। यस अघि पनि बागलुङ न.पा. का ५ बिद्यालयमा बिद्यालय नर्स कार्यक्रम लागु भएको छ।

## पुर्वप्रसुती र उत्तरप्रसुतीका घरघरमा स्वास्थ्यकर्मी कार्यक्रम

स्वास्थ्य कार्यालय बाग्लुङको आयोजना र बिभिन्न पालिकाहरुको समन्वयमा **"स्थानीय तहको साझेदारी मा पूर्वप्रसुती र उत्तरप्रसुती का घरघरमा स्वास्थ्यकर्मी"** बिषयक १ दिने कार्यक्रम संचालन भइरहेका छन्। पालिका भित्रका प्रसुतीकेन्द्रमा कार्यरत नर्सिङ स्वास्थ्यकर्मीहरुलाई ANC/PNC visit Protocol र यसै संग सम्बन्धित कार्यसंचालन प्रकृया को अभिमुखिकरण गर्ने उद्वेश्यले राखिएको कार्यक्रमलाई स्वास्थ्य कार्यालय, बाग्लुङकि पब्लिक हेल्थ नर्स सीमा कुवरले सहजिकरण गर्दै हुनुहुन्छ।





## खानेपानीको मुहान अनुगमन तथा पानी परिक्षण

स्वास्थ्य कार्यालय बाग्लुङको वार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्लाका विभिन्न स्थानमा रहेका खानेपानीका मुहान अनुगमन गरी पानीको परिक्षण गरिएको छ। यस आ.व. मा हाल सम्म १७३ मुहानको पानी बिभिन्न समयमा परिक्षण गरिएको र सो को प्रतिवेदन सम्बन्धित निकायमा बुझाइएको छ। केहि मुहानको पानी दुषित रहेको नतिजा देखिएका कारण सम्बन्धित सरोकारवालाहरुलाई प्रतिवेदन बुझाइ आबश्यक सल्लाह सुझाव समेत प्रदान गरिएको छ।

## बिषादी रहित खाद्य तथा पोषण प्रवर्दन अभिमुखिकरण

स्वास्थ्य कार्यालय,बागलुङको आयोजना तथा विभिन्न पालिकाको समन्वयमा कृषक, जनप्रतनिधि, तथा स्वास्थ्यकर्मीहरुका विचमा विषादी रहित खाद्य तथा पोषण प्रवर्दन सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन भइरहेको छ। आबश्यकता अनुसार सबै स्थानीय तह समट्ने उदेश्य रहेको उक्त कार्यक्रममा स्वास्थ्य कार्यालयका क्षय कुष्ठ निरिक्षक देव प्रकाश घिमिरेले सहजिकरण गर्दै हुनुहुन्छ ।





## ७० औं विश्व कुष्ठरोग दिवस २०२३

"Act Now: End Leprosy" "कुष्ठरोग अन्त्यका लागी आजैबाट पहल गरौ" भन्ने मूल नाराका साथ जिल्लामा रहेका संचारकर्मीहरु संग दिवसको अवसरमा अन्तरक्रिया साथै ५० बढी विद्यालयमा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ। अघिल्लो आ.व.मा जम्मा ९ जना विरामी रहेकोमा यस वर्षको ६ महिनामा मात्रै बागलुङ जिल्लामा ७ जना नया कुष्ठरोगको विरामी देखा परेको अबस्था रहेको छ।

## जिल्ला प्रजनन स्वास्थ्य समन्वय समिति गठन

जिल्ला समन्वय समिति प्रमुख श्री अमर बहादुर थापाको अध्यक्षतामा बागलुङमा **"प्रजनन स्वास्थ्य समन्वय समिति"** गठन भएको छ। जिल्लाको समग्र यौन तथा प्रजनन स्वास्थ्य सुदृढिकरणको लागि आवश्यक सहयोग प्रदान गर्नका लागि जिम्मेवार निकायका अधिकारी तथा विज्ञहरु सम्मिलित समिति गठन गरी कार्य गर्न वाञ्छनीय भएकाले, स्वास्थ्य कार्यालय, बागलुङले निर्देशिका बमोजिम यो समिति गठन गरेको छ।जसमा जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा प्रादेशिक अस्पतालका मे.सु, जिल्ला शिक्षा तथा समन्वय ईकाइ प्रमुख ,नेपाल रेडक्रस सोसाईटीका प्रतिनिधी ,सम्बन्धित वडाका अध्यक्ष र पब्लिक हेल्थ नर्स सदस्य साथै स्वास्थ्य कार्यालय प्रमुख सदस्य सचिव रहने गरि समिति गठन भएको छ।






## क्षयरोग स्क्रिनिंङ तथा कन्ट्याक्ट ट्रेसिंङ

स्वास्थ्य कार्यालय बागलुको आयोजनामा क्षयरोग स्क्रिनिंङ तथा कन्ट्याक्ट ट्रेसिंङ कार्यक्रम सुरु भएको छ।जसमा क्षयरोगको **पि वि सि** विरामीको घर परिवार र नजिकका छिमेकीहरुको खकार संकलन गरी जाच गरिएको छ।स्वास्थ्य कार्यालयका क्षय कुष्ठ निरिक्षक, पालिकाका संयोजक, जनप्रतिनिधी तथा प्रयोगशाला कर्मिको उपस्थितिमा बडिगाड ४ जलजला र ५को विभिन्न स्थानबाट संकलन गरिएको ५२ स्लाईडमा २ जना नया विरामी पत्ता लागेका छन र उनिहरुलाई नजिकको स्वास्थ्य संस्थाबाट उपचार समेत शुरु गरिएको छ।

## फेब्रुअरी महिना : आयोडिन महिना




## श्री निता पुन (विद्यालय नर्स; जनजागृति मा बि ) भन्नुहुन्छ...

"गलकोट नगरपालिकाले आयोजना गरेको दोस्रो मेयर कप तथा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता अन्तर्गत शैक्षिक सामग्री प्रदर्शनी कार्यक्रममा जनजागृति मा बि को तर्फबाट स्वास्थ्य शिक्षा अन्तर्गत पोषण कर्नर “हरेक बार खाना चार” भन्ने मुल नाराका साथ पौस्टिक आहारको बारेमा प्रदर्शन गर्न पाउदा खुसि लागेको छ"



*स्थानीय तह विशेषः*

## बागलुङ नगरपालिकाः

- कुष्ठरोग दिवसको अवसरमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
- IMNCI कार्यक्रमको onsite coaching
- MNH update कार्यक्रम
- तथ्यांक भेरिफिकेशन तथा onsite coaching
- किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था घोषणाको निम्ति अभिमुखीकरण

## ढोरपाटन नगरपालिकाः

- पालिका स्तरीय खोप समितिको बैठक तथा पूर्ण खोपको दिगोपना सम्बन्धि अभिमुखीकरण
- परिवार नियोजन कार्यक्रम अन्तर्गत Norplant तथा IMPLANT सेवा प्रदान
- ग्रामिण अल्ट्रासाउण्ड तर्फ ३० जना गर्भवति महिलालाई भिडियो एक्सरे सेवा
- हात्तिपाइले निवारण अभियान अन्तर्गत स्वास्थ्यकर्मीहरुको अभिमुखिकरण

## गलकोट नगरपालिकाः

- सबै वडाहरूमा जेष्ठ नागरीक स्वास्थ्य परीक्षण कार्यक्रम
- क्षयरोगको अर्धवार्षिक समिक्षा गोष्ठी
- सक्रिय क्षयरोग खोजपडताल अन्तर्गत वडा नं ३,४ र ११ मा गरि जम्मा २०५ जनाको नमुना संकलन
- रिघामा निशुल्क बृहत् स्वास्थ्य शिविरमा ७५० जनाको स्वास्थ्य परीक्षण साथै VIA camp मा ११७ जनाले सेवा लिएका
- स्वास्थ्य चौकिहरुमा न्युनतम सेवा मापदण्ड सम्बन्धि स्वमुल्यांकन कार्यक्रम संचालन भइरहेका छन्।

## जैमिनी नगरपालिकाः

- ग्रामिण भिडियो एक्स-रे सेवा १५० बढी लाभान्वित
- मेरिस्टोप्सको सहकार्यमा स्याटेलाइट क्याम्प
- IMNCI onsite coaching
- परिवार नियोजन तथा खोप कार्यक्रमको data भेरिफिकेशन तथा onsite coaching
- क्षयरोगको अर्धवार्षिक समिक्षा गोष्ठी
- MSS अभिमुखीकरण तथा २ स्वास्थ्य संस्थामा ▯▯▯ मापन

## बरेंङ गाउँपालिकाः

- ग्रामिण भिडियो एक्स-रे सेवा
- पोषण तथा खाध्य सुरक्षा समितिको समिक्षा बैठक र अभिमुखीकरण
- पहुँच कम भएका बस्तिहरुमा क्षयरोग पत्ता लगाउनको लागि खकार परिक्षण शिविर
- क्षयरोगको अर्धवार्षिक समिक्षा गोष्ठी तथा कोहार्ट विश्लेषण
- पालिका स्तरीय खोप समितिको बैठक तथा पूर्ण खोपको दिगोपना सम्बन्धि अभिमुखीकरण

## काठेखोला गाउँपालिकाः

- हात्तिपाइले निवारण अभियान अन्तर्गत स्वास्थ्यकर्मीहरुको अभिमुखिकरण
- VIA screaning क्याम्प
- IUCD तथा Implant स्याटेलाइट क्लिनिक
- IMNCI कार्यक्रमको onsite coaching
- खोप कार्यक्रमको समिक्षा

## तमानखोला गाउँपालिकाः

- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम (१८  जना सेवाग्राही)
- पोषणमैत्री पालिकाको पालिका स्तरीय अभिमुखिकरण
- परिवार योजना सम्बन्धि समुदाय अन्तरकृया कार्यक्रम
- स्वास्थ्यकर्मीहरुलाई इम्प्लान्ट तालिम
- कुष्ठरोग दिवस तथा आयोडिन महिना मनाउने कार्यक्रम

## ताराखोला गाउँपालिकाः

- क्षयरोगको अर्धवार्षिक समिक्षा गोष्ठी तथा कोहार्ट विश्लेषण
- कुष्ठरोग दिवसको अवसरमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
- पाठेघरको मुखको क्यान्सर परीक्षण
- ANC/PNC का घर घरमा स्वास्थ्यकर्मी कार्यक्रम
- पालिका स्तरीय खोप समितिको बैठक तथा पूर्ण खोपको दिगोपना सम्बन्धि अभिमुखीकरण
- MSS अभिमुखीकरण तथा अर्धवार्षिक समिक्षा

## निसिखोला गाउँपालिकाः

- कुष्ठरोग दिवसको अवसरमा विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम
- फेब्रुअरी महिनालाई आयोडिन महिना मनाउने कार्यक्रम

## बडिगाड गाउँपालिकाः

- क्षयरोगका जोखिम समूह तथा समुदायमा सक्रिय क्षयरोगको खोजपडताल कार्यक्रम र घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षणको लागि screening तथा contact tracing
- एकीकृत ग्रामीण मोबाइल स्वास्थ्य सेवा
- विभिन्न वडाहरुमा निशुल्क भिडियो एक्स रे, परिवार नियोजन सेवा तथा VIA screening सेवा प्रदान
- FAIR MED BYC Baglung को प्राबिधिक सहयोग र स्वास्थ्य कार्यालय बागलुङको समन्वयमा ५०० बढीलाई सेवा दिदै निशुल्क विशेषज्ञ स्वास्थ्य शिविर सप्पन्न
- जनता संग पालिका अध्यक्ष स्वास्थ्य बिमा कार्यक्रम

| स्वास्थ्य कार्यालय बागलुङमा कार्यरत कर्मचारीको विवरण | | | | |
|---|---|---|---|---|
| क्र.स | नाम थर | पद | ईमेल | सम्पर्क नं. |
| १ | प्रविण शर्मा | जनस्वास्थ्य अधिकृत | baglungdho@gmail.com | ९८५७६२२७८८ |
| २ | सुरेन्द्रजंग राजभण्डारी | लेखा अधिकृत | rbsuren5@gmail.com | ९८५७६२०५४४ |
| ३ | घनश्याम सापकोटा | तथ्यांक अधिकृत | gs.sapkota28@gmail.com | ९८५७६२२०२५ |
| ४ | देव प्रकाश घिमिरे | क्षयकुष्ठ निरिक्षक | prakashghimire282@gmail.com | ९८५७६२०५१४ |
| ५ | लक्ष्मी शर्मा | जनस्वास्थ्य निरीक्षक | laxmi.acharya866@gmail.com | ९८४६६३५८६६ |
| ६ | डिल्लीप्रसाद आचार्य | ल्याव टेक्निसियन | acharyadilli049@gmail.com | ९८५७६३७०४९ |
| ७ | सिमा कुँवर | पब्लिक हेल्थ नर्स | kunwarshima@gmail.com | ९८५६०७५१७५ |
| ८ | सुरेश शर्मा | अधिकृत छैठौं (प्रशासन) | paudelsuresh1981@gmail.com | ९८५७६२४०१६ |
| ९ | राजु खत्री | खोप सुपरभाइजर | rajukhatri18@gmail.com | ९८५७६२४९१८ |
| १० | कमला थापा | मलेरिया इन्स्पेक्टर | kamalathapa495@gmail.com | ९८४६८१४४९५ |
| ११ | रुद्र बहादुर पराजुली | ह. स. चा | rudraparajuli285@gmail.com | ९८५७६२३३६६ |
| १२ | लिला खत्री | कार्यालय सहयोगी | | ९८४७६३६७६८ |
| १३ | लाल बहादुर के.सी | कार्यालय सहयोगी | | ९८६५०६१५४९ |

| जिल्लाका विभिन्न स्थानीय तह अन्तर्गत स्वास्थ्य शाखा तथा प्रमुखहरुको विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.स | स्थानीय तहको नाम | स्वास्थ्य शाखा प्रमुखको नाम | इमेल | सम्पर्क न. | संस्थाको इमेल |
| १ | बागलुङ नगरपालिका | राम प्रसाद खनाल | khanalramprasad7@gmail.com | ९८५७६२०२१७ | baglungmun@gmail.com |
| २ | ढोरपाटन नगरपालिका | केशव थापा | thapaksab90@gmail.com | ९८४१९८०४५३ | dhorpatanmunicipality10@gmail.com |
| ३ | गलकोट नगरपालिका | शुशिल पौडेल | sushilbalewa123@gmail.com | ९८५७६६४२७४ | galkotmunicipality@gmail.com |
| ४ | जैमुनी नगरपालिका | गोबिन्द प्रसाद शर्मा आचार्य | acharyagovinda757@gmail.com | ९८४७६२२४२५ | jaiminimun@gmail.com |
| ५ | बरेङ गाउँपालिका | पदम बहादुर पुन | padamb.pun10@gmail.com | ९८६५०६१८१० | barengrm@gmail.com |
| ६ | काठेखोला गाउँपालिका | रामचन्द्र लामा | lamaramchandra7@gmail.com | ९८४७६२८७५५ | kathekholagahunpalika123@gmail.com |
| ७ | तमानखोला गाउँपालिका | तिल बहादुर छन्त्याल | chhantyaltb1@gmail.com | ९८५७६२४७७४ | ito.tamankholamun@gmail.com |
| ८ | ताराखोला गाउँपालिका | उदित कुमार थापा | dhyangeetn@gmail.com | ९८५७६२२९५० | ito.tarakholamun@gmail.com |
| ९ | निसीखोला गाउँपालिका | टोप बहादुर चन्द | topbahadur2705@gmail.com | ९८६७६९२२७१ | ito.nisikholamun@gmail.com |
| १० | बडिगाड गाउँपालिका | विपेन्द्र के सी | bijaykc560@gmail.com | ९८५७६७२५६० | badigadruralmunicipality@gmail.com |

